बैठक नं. १५

आज मिति २०८१ साल चैत्र ०६ गते बुधबारका दिन बिहान ९:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

१९ श्री मेवालाल चौधरी - प्रशासन शाखा प्रमुख -
२०. श्री दिनेश माझी - लेखा अधिकृत
२१. श्री योगेन्द्र शाही - इन्जिनियर
२२ श्री सन्तराम कठरियां - प्र. अ.
२३ श्री अभिषेक कठरियां - का. स.
२४ श्री भरत बहादुर थापा - लेखा शाखा

प्रस्ताव नं. १ :- **कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

प्रस्ताव नं. २ :- **नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, विक्रि तथा व्यवस्थापन कार्यान्वयन प्रक्रिया सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन (दोस्रो प्याकेज: मुनुवा ठाँडा सामुदायिक वनको पूर्वतिर, बलचौर घाट र गोराङ्गे घाट वडा नं. ९) कार्यको लागि दुई पटक ठेक्का आह्वान गर्दा समेत ठेक्का नलागेकोले उक्त प्वाईन्टहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन कार्य सुदूरपश्चिम प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ को उपदफा (७) बमोजिम अमानतबाट देहाय अनुसार गर्ने निर्णय गरियो ।

**तपसिल :-**

१. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन, विक्रि कार्यको लागि आवश्यक जनशक्तिहरुसँग रोयल्टी सङ्कलनको लागि सम्झौता गरी परिचालन गर्ने ।

२. रोयल्टी सङ्कलन गर्न खटिएका जनशक्तिहरुलाई रोयल्टी सङ्कलन भएको कुल रकमको ८% रकम पारिश्रमिक स्वरुप उपलब्ध गराउने ।

प्रस्ताव नं. ३ :- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं वार्षिक प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं वार्षिक प्रतिवेदनमा उल्लिखित सुझावहरुको बारेमा बुँदागत रुपमा छलफल गरियो र सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- **जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको लागत अनुमान एवं बोलपत्र कागजात स्वीकृति र बजेट सुनिश्चितता सम्बन्धमा ।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा जानकी गाउँपालिका वडा नं. १, दुर्गौली, कैलाली अन्तर्गत जानकी गाउँपालिका कैलालीको नाममा दर्ता श्रेष्ता कायम रहेको कि.नं. १२१, १३८, ३९२ र ११०८ को जग्गा क्षेत्रभित्र यस जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (DPR) अनुसार यस आ. व. २०८१/०८२ मा मुख्य भवन निर्माण गर्नका लागि बजेट स्वीकृत भएको हुँदा सो कार्य कार्यान्वयन गर्नका लागि बहु-बर्षीय (२ वर्ष) आयोजना अन्तर्गत पेश भएको लागत अनुमान रकम (मू.अ.कर, कन्टिन्जेसी र PS समेत) रु. १८,८३,१८,१८१।१९ (अक्षेरुपी अठार करोड त्रीयासी लाख अठार हजार एक सय एकासी रुपैयाँ उन्नाइस पैसा मात्र ) एवं बोलपत्र कागजात सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ को उपनियम (१)(ग) अनुसारको लागत अनुमान सोही नियमको उपनियम (३) बमोजिम स्वीकृत गर्ने र उक्त प्रशासकीय भवन निर्माण कार्यको लागि ठेक्का प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृति प्रदान गर्ने तथा सो निर्माण कार्यलाई निर्धारित समयमै सम्पन्न गर्नका लागि आगामी आ.व. मा समेत आवश्यक पर्ने बजेट सुनिश्चित गर्ने निर्णय गरियो ।

८१.११.०६ ०८१/११/०६

आशिश चौधरी — प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी — अध्यक्ष

CamScanner

**प्रस्ताव नं. ५ :- अस्थायी क्रसर संचालन अनुमति प्रदान गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिकामा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक बिभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सेती राजमार्ग (दक्षिण खण्ड) टीकापुर-लोडे-चैनपुर सडक योजना, साँफेबगर, अछाम र श्री सत्यवती-अरनिको J. V. बीच ठेक्का नं. SRRP/337011264/080-81/NCB-01, Upgrading of Durgauli (CH: 00+000) to Pratappur (CH: 10+000) Road Section of Seti Highway, Kailali का लागि भएको ठेक्का सम्झौता बमोजिमको निर्माण कार्य संचालनमा रहेको र उक्त कार्यका लागि आवश्यक पर्ने तोकिए बमोजिमको स्पेशिफिकेसन अनुसारको नदिजन्य पदार्थको प्रशोधित निर्माण सामाग्री तयार गर्नका लागि उक्त आयोजना कार्यालयको प.सं. २०८१/०८२, च.नं. ३४९, मिति २०८१/११/१८ गतेको सिफारिस पत्रानुसार त्यस जे. भि. कम्पनीलाई आयोजना अवधिसम्मलाई तपसिलको सर्तको अधिनमा रही जानकी-८, भगरैयामा अस्थायी नदिजन्य निर्माण सामाग्री प्रशोधन केन्द्र (Temporary Crusher Plant) संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

<u>तपसिल :-</u>

१. अस्थायी नदिजन्य निर्माण सामाग्री प्रशोधन केन्द्र (Temporary Crusher Plant) संचालन अनुमति लिन उक्त जे. भि. कम्पनीले ८ नं. वडा कार्यालयको सिफारिस पत्रसाथ जानकी गाउँपालिकाको आर्थिक ऐन अनुसार इजाजत दस्तुर वापत रु. ५०,००० ( अक्षेरुपी पचास हजार मात्र । ) राजस्व तिरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

२. उक्त जे. भि. कम्पनीले जानकी गाउँपालिका कार्यालयको हिमालयन बैंकमा रहेको धरौटी खातामा रु. १,००,०००(अक्षेरुपी एक लाख मात्र ।) धरौटी बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

३. प्रशोधन केन्द्रबाट उत्पादित निर्माण सामाग्री सोहि आयोजनामा मात्रै प्रयोग गर्नुपर्नेछ ।

४. उक्त आयोजना बाहेक अन्य कार्यका लागि निर्माण सामाग्री बिक्रि गरेको पाइएमा धरौटी रकम जफत गरिनेछ । पुनः सोहि कार्य गरेको पाइएमा गाउँपालिका कार्यालयले प्रदान गरेको अनुमति रद्द गर्न सक्नेछ ।

५. प्रसोधन केन्द्रबाट निर्माण स्थलसम्म प्रयोग हुने सडकको नियमित मर्मत सम्भार गर्नुपर्नेछ ।

६. आयोजना अवधि समाप्त भए पश्चात उक्त अस्थायी नदिजन्य निर्माण सामाग्री प्रशोधन केन्द्र (Temporary Crusher Plant) हटाउनु पर्नेछ र धरौटी फिर्ता हुनेछ ।

७. माथिको सर्त वाहेक अन्यको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

८१.१२.०६
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/१२/०६
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ६ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ आर्थिक सहयोग गर्न मुनासिब देखिएको हुँदा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :-**

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | कठरिया समाज नेपाल | ४०,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | छैठौं राष्ट्रिय कठरिया साँस्कृतिक होली महोत्सव-२०८१ सम्पन्न गर्न । |
| २. | नेपाल मगर संघ, जानकी-८, मटेरा पालबजार | २०,०००।- | | ४३ औं राष्ट्रिय मगर एकता दिवस सम्पन्न गर्न । |

**प्रस्ताव नं. ७ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ :- प्रस्ताव नं.७ माथि छलफल गर्दा वडा नं. ४ को भौतिक पूर्वाधार अन्तर्गत पुँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वयनको प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | श्री राम जानकी मन्दिरमा टहरा निर्माण | १,५०,०००।- | १. | श्री राम जानकी मन्दिरमा माटो पटानी तथा घेरा पर्खाल निर्माण | जानकी-४ | १,५०,०००।- | उपभोक्ता समिति | |

८१.१२.०६

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

८१।१२।०६

गणेश चौधरी
अध्यक्ष

CamScanner